# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

पत्र संख्याः

चलानी नं.:

मितिः २०७४/०९/०६

विषयः ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धी सूचना ।

नेपाल सरकार, संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विकेन्द्रिकरण शाखाको मिति २०७४।०७।२२ च.नं. ४४ को पत्रानुसार नेपालको संविधानको धारा- ४१ मा उल्लेखित ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक ऐन, २०६३ तथा नियमावली २०६५ समेतमा भएको व्यवस्था बमोजिम ज्येष्ठ नागरिक परिचय पत्र वितरणको जिम्मेवारी स्थानीय तहबाटै हुने व्यवस्था भए अनुसार बनेपा नगरपालिकाले ६० वर्ष उमेर पुगेका नेपाली नागरिकहरुलाई यही २०७४ पुष ११ गतेदेखि तपसिल बमोजिम ज्येष्ठ नागरिक परिचय-पत्र वितरण गर्ने व्यवस्था गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

### तपसिल

१) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्नका लागि ६० वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले आफ्नो वडाको वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

२) प्राप्त निवेदन बमोजिम सम्बन्धित वडा अध्यक्षले ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न बनेपा नगरपालिकामा सिफारिस गरी पठाउनु पर्नेछ ।

३) सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम बनेपा नगरपालिकाले ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्नेछ ।

३) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्नका लागि नेपाली नागरिकताको प्रमाण पत्रमा उल्लेख भएको जन्म मितिलाई मात्र आधार लिइनेछ ।

४) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि थान एक र दुई वटा अटो साइजको फोटो पेश गर्नु पर्नेछ ।

५) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न नेपाली नागरिकताको प्रमाण पत्रको सक्कलै प्रति साथमा लिई आउनु पर्नेछ ।

(भोजराज घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :- प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा
E-mail: ict.banepamun@gmail.com